माननीय प्रदेश प्रमुख
श्री सोमनाथ अधिकारी "प्यासी" समक्ष
माननीय मुख्य न्यायाधिवक्ता
श्री चुडामणि आचार्यले
पेश गर्नुभएको
आर्थिक वर्ष २०७५।०७६ को

# वार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश नं. १, विराटनगर

CamScanner

# मुख्य न्यायाधिवक्ताको बार्षिक प्रतिवेदन
# आर्थिक वर्ष २०७५/०७६

प्रकाशित मिति : २०७६ मंसिर

## सम्पादक मण्डल

संयोजक : श्री पुरुषोतम खतिवडा

सदस्य : श्री रेणुका राई

सदस्य : श्री रेवती सुवेदी

सदस्य : श्री राजकुमार राई

सदस्य : श्री राजीव रम्तेल

का.स. : श्री चन्द्र दाहाल


कम्प्युटर अपरेटर : श्री गंगा खतिवडा

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. १, विराटनगर

फोन नं. : ०२१-५३०५०७, ०२१-५३०६२८

मुद्रण : अरनिको छापाखाना, विराटनगर, फोन: ०२१-५२६०७८

CamScanner



चुडामणि आचार्य
माननीय मुख्य न्यायाधिवक्ता

# प्रदेश नं. १
# मुख्य न्यायाधिवक्ताको कार्यालय
# विराटनगर

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. १, विराटनगर

**विषय : आर्थिक वर्ष २०७५/७६ को बार्षिक प्रतिवेदन पेश गरिएको ।**

नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । संविधानतः व्यवस्था गरिएका निकाय/संरचना मध्ये नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट नियुक्त हुने मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ। मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भन्ने संवैधानिक प्रावधान बमोजिम प्रदेश नं. १ को प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५" निर्माण भइसकेको छ। उक्त ऐनको दफा १२ को उपदफा (१) मा मुख्य न्यायाधिवक्ताले प्रतिवेदनमा वर्षभरीका संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका निवेदन, मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध प्रकृति सम्बन्धी विवरण, अपराध रोकथाम नियन्त्रणको लागि भविष्यमा गर्नुपर्ने सुधारको विवरण, आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गर्दै आवश्यक सिफारिस र सुझावहरू समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।

संघीयता नेपालको सन्दर्भमा नयाँ प्रयोग हो। संघ र स्थानीय तहका लागि पहिले बनेका कानून र व्यवहारलाई समय सापेक्ष रुपमा बनाउँदा पर्याप्त हुने अवस्था भएपनि प्रदेशका लागि सबै नयाँ कानून बनाउनु पर्ने बाध्यता छ। तीन तहको सम्बन्ध संविधानतः सहकारीता, सहअस्तित्व र सहकार्य भनी उल्लेख गरिएता पनि व्यवहारमा प्रयोगमा ल्याउन धेरै काम गर्न बाँकी नै छ।

CamScanner

प्रदेशमा कानूनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानूनको प्रयोगमा सहजीकरण गर्ने, प्रदेश कानून तथा अन्य प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधिवक्ता र मातहतका कार्यालयहरूमा रहेको छ। कार्यालयबाट सम्पादन गरिने सम्पूर्ण कार्यहरू चुस्तदुरुस्त, पारदर्शी र कानून सम्मत हुन जरुरी हुदाँ मुख्य न्यायाधिवक्ता र सो अन्तर्गतका कार्यालय तथा कार्यरत कर्मचारीहरूको व्यवस्थापन, व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतको कार्यालयहरूले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ। संविधान तथा कानूनले परिकल्पना गरेको, व्यवहारमा लागु हुने प्रक्रियामा रहेको संरचनाबाट तत्काल धेरै काम र परिणामको अपेक्षा गर्न हतार गरे जस्तो हुन्छ। कार्यालय स्थापना गरिसकिएको तर अहिले पनि संरचनात्मक र संगठनात्मक स्वरुप र अधिकारको स्रोत स्पष्ट र व्यवस्थित भइनसकेको अवस्था छ तथापी संविधान र कानूनको प्रयोग गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय प्रवेश गरिसकेको अवस्था छ।

अन्त्यमा कानूनी राज्य, विधिको शासन, मानव अधिकार, स्वतन्त्र न्यायापालिका, कानून र न्यायका मान्य सिद्धान्तप्रति दृढ र अटल आस्था राख्दै प्रदेश सरकारले सम्पादन गर्ने महत्वपूर्ण कार्यहरूको कानूनी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरू सदैव दृढतापूवर्क क्रियाशील रहने व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु।

चुडामणि आचार्य
माननीय मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय
प्रदेश नं. १, विराटनगर

CamScanner

# विषय सूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद- १ : सामान्य परिचय** | | **१-८** |
| १.१ | परिचय | १ |
| १.२ | कार्यालयको स्थापना र व्यवस्थापन | २ |
| १.३ | संगठनात्मक स्वरुप | २ |
| १.४ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | ६ |
| १.५ | कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ८ |
| १.६ | मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण | ८ |
| **परिच्छेद २ सम्पादित कार्यहरुको विवरण** | | **९-२२** |
| २.१ | संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहरू | ९ |
| २.२ | प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दा मामिला र प्रतिरक्षा गरेको विवरण | १० |
| २.३ | प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण | २१ |
| २.४ | मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पन्न गरिएका अन्य कार्यक्रमहरू | २१ |
| २.५ | समन्वय | २१ |
| २.६ | मुख्य न्यायाधिवक्ताको अन्य भूमिका | २२ |
| **परिच्छेद- ३ निष्कर्ष तथा सुझाव** | | **२३-२८** |
| ३.१ | मुख्य न्यायाधिवक्ताको कार्यालयको सवल र दुर्वल पक्ष | २३ |
| ३.२ | निष्कर्ष | २५ |
| ३.३ | सुझावहरू | २६ |


CamScanner

# परिच्छेद १
# सामान्य परिचय

## १.१ परिचय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्वन्धी व्यवस्था छ। प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकि दिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संवैधानिक व्यवस्था छ। प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्वन्धी ऐन पारीत भएपश्चात् प्रदेशको मुख्य न्यायाधिवक्ताको संरचनालाई व्यवस्थित रुप दिन सकिएको हो। प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेका अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने, मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष/विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन भए वा नभएको अनुगमन गर्ने/गराउने, प्रदेशभित्रका हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकारको समेत व्यवस्था गरिएको छ। प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरूमा आफ्नो राय व्यक्त गर्ने र न्यायिक अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्तालाई रहेको छ।

फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४: अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल बोर्ड रहने, जसको नियन्त्रण निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आपसी समन्वय गरी आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्था छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्ष आफूले सम्पादन गरेको कामकाजको



CamScanner

वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ। उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, प्रदेश सरकार पक्ष/विपक्ष भई चलेको मुद्दा सम्वन्धी विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा आफ्नो मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति तथा सिफारीस र सुझावहरू समेत उल्लेख गरी यो आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

## १.२ कार्यालयको स्थापना र व्यवस्थापन

मुख्य न्यायाधिवक्ताको नियुक्ति भएपश्चात् महान्यायाधिवक्ताको कार्यालयबाट प्रारम्भिक ओ.एन.एम. गरी सो बमोजिम नियुक्त कर्मचारीहरूबाट कार्यालय सञ्चालनमा रहेको छ। मिति २०७५ साल असार २८ गतेदेखि विराटनगर स्थित हुलाक निर्देशनालयको दोस्रो तलामा रहेका ७ वटा कोठाहरू कार्यालयले प्रयोग गर्दै आइरहेको छ। आ. व. २०७५/७६ मा बजेटको परिधिभित्र रहेर कार्यालयलाई अत्यावश्यक सवारी साधन, फर्निचर तथा मेसिनरी उपकरणहरू खरिद गर्नेकार्यहरू सम्पन्न गरिएको छ।

स्थापनाकालमा महान्यायाधिवक्ताको कार्यालयवाट गरिएको सङ्गठनात्मक सर्भेक्षण बमोजिम कार्यालय स्थापना भएको र हाल प्रदेश सरकारले प्रदेश भित्रका संरचनाहरूको सङ्गठनात्मक सर्भेक्षण गरिरहेको सन्दर्भमा यस मुख्य न्यायाधिवक्ताको कार्यालयको पनि समयानुकुल वनाउने कार्य प्रारम्भ गरेको अवस्था छ।


## १.३ सङ्गठनात्मक स्वरुप

महान्यायाधिवक्ताको कार्यालय तथा मुख्यमन्त्रीको कार्यालयबाट खटाइएका कर्मचारीहरू र करारमा नियुक्त कर्मचारीहरूबाट सञ्चालनमा रहेको यस मुख्य न्यायाधिवक्ताको कार्यालयको सङ्गठनात्मक संरचना तपशिल बमोजिम रहेको छ।



CamScanner


क) हाल रहेको सङ्गठन संरचना






CamScanner

## ख) प्रस्तावित सङ्गठन संरचना






CamScanner

## ग) कार्यालयमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

तालिका नं. १

मुख्य न्यायाधिवक्ताको कार्यालयको दरबन्दी विवरण

| क्र. स. पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १.मुख्य न्यायाधिवक्ता | | | | १ | |
| २.उप न्यायाधिवक्ता | रा.प.द्धितिय | न्याय | सरकारी वकिल | १ | |
| ३.शाखा अधिकृत | रा.प.तृतिय | न्याय | सरकारी वकिल | ३ | |
| ४.नायब शुब्बा | रा.प.अ.प्र. | प्रशासन | सरकारी वकिल | २ | |
| ५.लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ६.क.अपरेटर | रा.प.अ.प्र. | विविध | | १ | |
| ७.ह.स.च. | श्रेणी विहिन | इन्जि. | मे./जे.मे | २ | |
| ८.का.स. | श्रेणी विहिन | प्रशासन | सा. प्र. | २ | |
| जम्मा | | | | १२ | |

**मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको विवरण ।**

| क्र. स | पद | नाम थर | सम्पर्क न. | हाजिर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | उप सचिव | श्री पुरुषोतम खतिवडा | ९८४२५८०२६९ | २०७५।११।०२ | |
| २ | शा. अ. | श्री राजेन्द्र भट्टराई | ९८५११३३९१७ | २०७५।१२।११ | जुम्ला काज |
| ३ | शा. अ. | श्री रेणुका राई | ९८४२१७०८४६ | २०७५।०४।२८ | |
| ४ | शा. अ. | श्री रेवती सुवेदी | ९८४३०६०५६८ | २०७५।१२।०३ | |
| ५ | अ. छेटौं | श्री राजकुमार राई | ९८४२०७७०२५ | २०७६।०१।०४ | |
| ६ | अ. छेटौं | श्री हर्कुलस पोखरेल | ९८४२३३१९०३ | २०७६।०२।०१ | सुनसरी काज |
| ७ | अ. छेटौं (लेखा) | श्री राजिव रम्तेल | ९८५२०३०८०२ | २०७५।१२।२० | |
| ८ | स.क.अ. | श्री गंगा खतिवडा | ९८४२९६८६६० | २०७५।०५।०१ | करार |
| ९ | ह. स. च. | श्री संजिव कु. कटुवाल | ९८६४३९८४९५ | २०७५।०१।०२ | करार |
| १० | का. स. | श्री चन्द्र दाहाल | ९८६२०३५७२७ | २०७५।०७।१४ | करार |
| ११ | का. स. | श्री सरस्वती राजवंशी | ९८१०४६६५६४ | २०७५।०४।१६ | करार |



CamScanner

## १.४ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने। सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुरुप १ नं. प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ जारी गरी सकेको छ।

**क. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा १६० र १ नं. प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको अन्य शर्त सम्बन्धी ऐन २०७५ अनुसार देहाय बमोजिम रहेको छ।**

(१) प्रदेश सरकार पक्ष र विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको,संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रतिरक्षा गर्ने र गराउने,

(२) प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसला प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने र गराउने,

(३) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानुन संसोधन गर्ने वा बनिरहेको कानून लागु गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(४) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतहरूको स्तर कायम गर्न प्रदेश कार्यालयहरू बीच आवश्यक समन्वय गर्ने,

(५) प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरू उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।



CamScanner

६. प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले अनुरोध गरेमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ ।

७. कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकार तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

८. प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानूनको उलङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

९. मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

१०. मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

११. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

१२. मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।



CamScanner

## १.५. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

सङ्गठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरू समुचित व्यवस्थापन अपरिहार्य हुन्छ। कार्यालयको भवन निर्माण नभएको र अपर्याप्त भएको कारणले २०७५/३/२८ गते क्षेत्रिय हुलाक कार्यालय रहेको दोस्रो तलामा स्थानान्तरण भई मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालनमा रहेको छ।

## १.६ मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण

मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तपशील**

| सि.नं. | बजेट उपशिर्षक | बजेट विनियोजन | निकासा | खर्च | खर्च नभएको |
|---|---|---|---|---|---|
| १ | ७०१२३२११३ (चालु प्रशासनिक खर्च) | १,१४,८७,११२/- | ८५,६७,१०९।२६/- | ८५,६७,१०९।२६/- | २९,२०,००२।७४/- |
| | मुख्य क्रियाकलाप : मुख्य न्यायाधिवक्ता पारिश्रमिक र सुविधा, खर्चहरु, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको परिश्रमिक र कार्यलय संचालन खर्चहरु। | | | | |
| २ | ७०१२३२५१३ (कार्यक्रम खर्च) | ७,००,०००/- | ६,११,११४/ | ६,११,११४/ | ८८,८८६/- |
| | कार्यक्रम सञ्चालन गर्दा भएको खर्चहरु | | | | |
| ३ | ७०१२३२११४ (पूँजीगत खर्च) | १,०१,९९,५००/- | ९९,७३,३३३/- | ९९,७३,३३३/- | २२६,१६७/- |
| | फर्निचर, मेसिन सामान खरिदमा खर्च भएको तर कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं बौद्धिक सम्पत्ति प्राप्तिको खर्च नभएको। | | | | |



CamScanner

परिच्छेद २

# सम्पादित कार्यहरूको विवरण

**सम्पादित कार्यहरूको विवरण**

१. कानून प्राप्त अधिकारको प्रयोगको सन्दर्भमा मुख्य न्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट सर्वोच्च अदालत र उच्च अदालतका ईजलासहरूमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा भईरहेको छ ।

२. प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको तर्फबाट गरिने कानूनी काम कारवाहीमा एकरुपता कायम गर्नका लागि सरोकारवाला निकायहरूबीच अन्तरक्रिया, तालिम तथा छलफलहरू सञ्चालन गरिएका छन् ।

३. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ । लिखित जवाफ र कानूनी प्रतिरक्षाका लागि आवश्यक दक्षता, सीप विकास सम्वन्धी अभिमुखिकरण समेत यस कार्यालयबाट हुने गरेको छ ।

४. कानून निर्माणका कतिपय सन्दर्भमा प्रदेश सभा र समिति समक्ष उपस्थित भई मुख्य न्यायाधिवक्ताबाट आफ्नो राय व्यक्त गर्ने गरिएको छ ।

५. प्रदेश भित्र रहेका केही हिरासत कक्ष र कारागार अनुगमन गरी मानवोचित व्यवहार गर्न, भएका समस्या र समाधान खातिर अवलम्वन गर्न सकिने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ ।

६. प्रदेश कानूनको प्रभावकारी कार्यन्वयन गर्न प्रदेश सरकारको तर्फवाट गरिने कानूनी कार्यमा एकरुपता कायम गर्न सरोकारवाला बिच अन्तरक्रिया, तालिम आदी संचालन भएका छन ।

७. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ ।

**२.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहहरू**

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा वहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादन गरिएका कार्यहरूको कार्यालयगत एक मुष्ठ लगत र फर्छ्यौटको विवरणलाई यस प्रकार प्रस्तुत गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भए देखि यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा लिखित तथा मौखिक राय माग हुने गरेको छ । राय



CamScanner

परिच्छेद २

# सम्पादित कार्यहरूको विवरण

## सम्पादित कार्यहरूको विवरण

१. कानून प्राप्त अधिकारको प्रयोगको सन्दर्भमा मुख्य न्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट सर्वोच्च अदालत र उच्च अदालतका ईजलासहरूमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा भईरहेको छ ।

२. प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको तर्फबाट गरिने कानूनी काम कारवाहीमा एकरुपता कायम गर्नका लागि सरोकारवाला निकायहरूबीच अन्तरक्रिया, तालिम तथा छलफलहरू सञ्चालन गरिएका छन् ।

३. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ । लिखित जवाफ र कानूनी प्रतिरक्षाका लागि आवश्यक दक्षता, सीप विकास सम्बन्धी अभिमुखिकरण समेत यस कार्यालयबाट हुने गरेको छ ।

४. कानून निर्माणका कतिपय सन्दर्भमा प्रदेश सभा र समिति समक्ष उपस्थित भई मुख्य न्यायाधिवक्ताबाट आफ्नो राय व्यक्त गर्ने गरिएको छ ।

५. प्रदेश भित्र रहेका केही हिरासत कक्ष र कारागार अनुगमन गरी मानवोचित व्यवहार गर्न, भएका समस्या र समाधान खातिर अवलम्वन गर्न सकिने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ ।

६. प्रदेश कानूनको प्रभावकारी कार्यन्वयन गर्न प्रदेश सरकारको तर्फवाट गरिने कानूनी कार्यमा एकरुपता कायम गर्न सरोकारवाला बिच अन्तरक्रिया, तालिम आदी संचालन भएका छन ।

७. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ ।

## २.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहहरू

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा वहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादन गरिएका कार्यहरूको कार्यालयगत एक मुष्ठ लगत र फर्छ्यौटको विवरणलाई यस प्रकार प्रस्तुत गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भए देखि यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा लिखित तथा मौखिक राय माग हुने गरेको छ । राय



CamScanner

माग भएकोमा सबै राय माग गर्ने प्रदेश सरकारका निकायहरूलाई कानूनी राय सल्लाह प्रदान गरिएको छ । यस आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएका राय र रायको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | राय माग गर्ने निकाय | मिति | प्रदान गरिएको रायको व्यहोरा |
|---|---|---|---|
| १. | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | २०७५/०४/०८ | जिल्ला निकासी कर कार्यान्वयनको विषयमा राय सल्लाह दिएको |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०७६/०१/२६ | सार्वजनिक हितको लागि जग्गा प्राप्तिको विषयमा राय सल्लाह दिएको |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०७६/०१/२६ | सार्वजनिक हितको लागि जग्गा प्राप्तीको विषयमा राय सल्लाह दिएको |
| ४. | श्री शिक्षा विकास निर्देशनालय, धनकुटा | २०७६/०२/२० | विद्यालय स्थानान्तरणको विषयमा राय सल्लाह दिएको |

## २.२ प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दा मामिला प्रतिरक्षा गरेको विवरण

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका १२ वटा मुद्दाहरू उच्च अदालत विराटनगरबाट फैसला भएका छन् । हाल सर्वोच्च अदालतमा ७, उच्च अदालत विराटनगरमा १४, उच्च अदालत विराटनगर, ओखलढुंगा इजलासमा ३ र उच्च अदालत विराटनगर, ईलामा इजलासमा १ वटा मुद्दाहरू चालू अवस्थामा रहेका छन् । मुद्दाको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।



CamScanner

## १. प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दा मामिला प्रतिरक्षा गरेको जम्मा मुद्दाहरू

| क्र सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/ लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | मुद्दा | अदालत | फैसला मिति | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १ | 074-wo-0279 | २०७५/३/१२ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, | मोहन सिहं लिम्बु | उत्प्रेषण युक्त परमादेश | उच्च अ. विराटनगर | २०७५/५/२५ फैसला भएको । | | |
| २ | 074-wo-331 | २०७५/३/२४ २०७५/४/३ | प्रदेश नं. १ प्रदेश सभा / मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | अधिवक्ता सुमन चन्द्र कार्की | अधिकार पृच्छा उत्प्रेषण, परमादेश | उच्च अ. विराटनगर | २०७५/८/१७ निर्देशनात्मक आदेश गरिएको । | धरान उ.प.न.पा.ले शिक्षा नियमावली प्रारित गरेको | |
| ४ | 074-wo-391 | २०७५/४/३ | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सरस्वती तामाङ | परमादेश | उच्च अ. विराटनगर | २०७५/६/१२ फैसला | | |
| ५ | 074-wo-0324 | २०७५/४/३ | विराटनगर महानगरपालिका जनता वाल आ. विद्यालय | साजन रिषिदेव | परमादेश | उच्च अ. विराटनगर | २०७५/११/६ खारेज | | |
| ६ | 074-wo-0343 | २०७५/४१४ | बर्जु गाउँपालिका र स्वास्थ्यचौकी अमाहीवेला समेत | गोविन्द प्रसाद घिमिरे | उत्प्रेषण परमादेश | | २०७६/०२/२० गते फैसला भएको | | |
| ७ | 074-wo-354 | २०७५/४/२२ | देवानगंज गा.पा. प्रशासकीय अधिकृत त्रिलोचन न्यौपाने | फजेतुल मिया | उत्प्रेषण | उच्च अ. विराटनगर | २०७५/९/१६ रिट जारी भएको | | |
| ८ | 075-wo-0067 | २०७५/५/२५ | विराटनगर म.न.पा. महाशाखा | विरेन्द्र कुमार यादव | उत्पेरषण परमादेश | उच्च अ. विराटनगर | २०७६/०१/०९ गते खारेज भएको | | |
| ९ | 075-wo-005२ | २०७५/५/३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | पञ्चु चौधरी | उत्प्रेषण परमादेश | उच्च अ. विराटनगर | | जि.स.स. सुनसरीले कृषिजन्य मालसामानको निकासी शुल्क उठाउन जिल्ला निकासी ठेक्का | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सम्बन्धी बोलपत्र आह्वान गरेको विषय | |
| १० | 075-wo-0128 | २०७५/८/२३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | फेकन शाह | निषेधाज्ञा | उच्च अ. विराटनगर | फैसला भएको २०७६/०२/६ | | |
| ११ | 075-wo-0120 | २०७५/८/२३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | अधिवक्ता सुमन चन्द्र कार्की | अधिकार पृच्छा उत्प्रेषण परमादेश | उच्च अ. विराटनगर | २०७६/०४/२० फैसला | सुन्दर हरैँचा न.पा.कार्यालय को राजस्वकर उठाएको | |
| १२ | 075-wo-0159 | २०७५/ | आर्थिक मामिला तथा योजना मन्त्रालय | कृष्ण बहादुर कटुवाल | उत्प्रेषण परमादेश | उच्च अ. विराटनगर | २०७५/९/२५ फैसला भएको | | |
| १३ | 075-wo-0175 | २०७५/१०/१८ | घरेलु तथा साना उद्योग समेत | हरी बहादुर कार्की | उत्प्रेषण युक्त परामेश | उच्च अ. विराटनगर | | उर्लाबारी न.पा. क्षेत्रमा मापदण्ड विपरित उद्योग स्थापना भएको | |
| १४ | 075-wo-0125 | २०७५/१०/१५ | बुढी गँगा गाउँपालिका | घनश्याम थापा मगर | उत्प्रेषण परमादेश | , | २०७६/२/६ फैसला | | |
| १५ | 075-wo-0696 | | मालपोत कार्यालय झापा समेत | भक्तराज भारती विर्तामोड -५ झापा | उत्प्रेषण परमादेश | सर्वोच्च अदालत | | झापा-गिरीवन्धु टी स्टेट प्रा.ली./जग्गा हदवन्दी | |
| १६ | 075-wo-0166 | | कोशी गाउँपालिका | बलराम यादव | उत्प्रेषण | उच्च अ. विराटनगर | | | |
| १७ | 075-wo-0660 | २०७५/११/१२ | फुङलिङ नगरपालिका समेत | सुभाषचन्द्र संघई | उत्प्रेषण | सर्वोच्च अदालत | | ताप्लेजुङ पाथिभरा मन्दिर-केवलकार सञ्चालन अनुमति | |
| १८ | 075-wo-0202 | २०७५/११/३० | मंगलबारे सब डिभिजन वन कार्यालय | धुर्वचन्द्र पराजुली उर्लावारी-५ | उत्प्रेषण परमादेश | उच्च अ. विराटनगर | २०७६/३/३० फैसला | | |
| १९ | 075-wo-694 075-wo-695 | २०७५/१२/११ | दमक नगरपालिका गौराहदह नगरपालिका | इन्द्र वहादुर बस्नेत समेत | उत्प्रेषण युक्त परमादेश | सर्वोच्च अदालत | | औद्योगिक क्षेत्र विकासका लागि जग्गा प्राप्तीको विषय | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 075-wo-696 | | | | | | | | |
| २० | 075-wo-००५२ | २०७५/१२/२९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सकुल श्रेष्ठ | निषेधाज्ञा, उत्प्रेषण समेत | इलाम इजलास | | उत्तर दक्षिण लोकमार्ग परियोजनाको निर्माण कार्य सम्बन्धमा | |
| २१ | 075-wo-९३९ | २०७५/०१/५ | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | चन्द्र साउद | उत्प्रेषण परमादेश, प्रतिषेध | सर्वोच्च अदालत | | CTEVT/तालिम को सम्बन्धन | |
| २२ | 075-wo-०२८० | २०७६/०१/२२ | संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर | डा. सन्तोष कुमार | निषेधाज्ञायुक्त परमादेश | उच्च अ. विराटनगर | | मानगढ खानेपानी पानीट्याँकी निर्माण | |
| २३ | 075-wo-०२७३ | २०७६/०१/२५ | प्रदेश सभा मुख्य मन्त्रीको कार्यालय | सत्य नारायण मण्डल | अधिकारपृच्छा, प्रतिषेध, उत्प्रेषण, परमादेश | उच्च अ. विराटनगर | | | |
| २४ | 075-wo-०३१५ | २०७६/०२/७ २०७६/०२/१५ | उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ विराटनगर मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | अ.विनोद कुमार तिमल्सीना | परमादेश | उच्च अ. विराटनगर | | विराटनगर म.न.पा. भित्रको सठक निर्माण सम्बन्धमा | |
| २५ | 075-wo-०३१८ | २०७६/०२/१५ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | अ.विनोद कुमार तिमल्सीना | परमादेश | उच्च अ. विराटनगर | | सवारी चालक लाइसेन्स वितरण | |
| २६ | 075-wo-०४२ | | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | सन्तोष अधिकारी समेत- ४ | निषेधाज्ञा, मिश्रित परमादेश | ओखलढुङ्गा इजलास | | ओखलढुङ्गा / विद्यालय निर्माण स्थल | |
| २७ | 075-wo-३२४ | २०७६/०२/२ ९ | डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय उर्लाबारी | टुमनाथ निरौला | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भोगचलान/ हकभोग | |
| २८ | 075-wo-३२३ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | गुम बहादुर लिम्बु | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | |
| २९ | 075-wo-३३४ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | विक्रम कार्की | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | |
| ३० | 075-wo-३२१ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | रेनुका थापा | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | |
| ३१ | 075-wo-३२२ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | नारायण राम भट्टराई | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | |
| ३२ | 075-wo-००५० | | सिद्दिचरण न.पा. को का. ओखलढुङ्गा | लोक कुमारी धमला | उत्प्रेषण, मिश्रित, परमादेश | ओखलढुङ्गा इजलास | | विद्यालय व्यवस्थापन समिति गठन/विघन | |
| ३३ | 075-wo-००३६ | | सिद्दिचरण न.पा. को का. ओखलढुङ्गा प्रमुख मोहन कुमार श्रेष्ठ प्र.प्र.अ. भोजराज खतिवडा | कल्पना मगर | उत्प्रेषण, मिश्रित, परमादेश | ओखलढुङ्गा इजलास | | सिद्दिचरण न.पा. को शिक्षा ऐन, २०७५ विद्यालय व्यवस्थापन समिति | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | 075-wo-०३७७ | २०७६/०३/२० २०७६/४/६ | सामाजिक विकास मन्त्रालय/आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ | कुलनाथ निङलेखु | परमादेश | उच्च अ. विराटनगर | | जग्गा भोगचलान/शन विश्वेश्वर न.पा. सांस्कृतिक ग्रहण निर्माण स्थल | |
| ३५ | 075-wo-१२६९ | २०७६/०३/३१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ विराटनगर | शैलेन्द्र प्रसाद हरिजन | | सर्वोच्च अदालत | | प्रदेश न्याय सेवा आयोग गठन / सञ्चालन | |
| ३६ | 075-wo-१०७७ | २०७६/२/३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | दान ब. श्रेष्ठ | उत्प्रेषण युक्त परमादेश | सर्वोच्च अदालत | | कर्मचारी समायोजन | |
| ३७ | 074-wo-0847 | २०७५/३/८ | प्रदेश सभा सचिवालय प्रदेश नं.१ | अच्युत प्रसाद खरेल | उत्प्रेषण परमादेश | सर्वोच्च अदालत | | सभामुख/ उपसभामुख को निर्वाचनको विषयमा | |

## क) संघीय कानूनसँग सम्बन्धित काम कारबाहीमा प्रदेश सरकार समेत विरुद्ध परेका उजुरी मुद्दाहरू

| क्र.सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/ लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | मुद्दा | अदालत | फैसला मिति | संक्षिप्त विवरण | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| १ | 075-wo-0696 | | मालपोतको कार्यालय झापा समेत | भक्तराज भारती विर्तामोड -५ झापा | उत्प्रेषण परमादेश | सर्वोच्च अदालत | | झापा-गिरीवन्धु टी स्टेट प्रा.ली./जग्गा हदवन्दी | चालु | |
| २ | 075-wo-0660 | २०७५/११/१२ | फुङलिङ नगरपालिका समेत | सुभाषचन्द्र संघई | उत्प्रेषण | सर्वोच्च अदालत | २०७५/१२/५ फैसला भएको | ताप्लेजुङ पाथिभरा मन्दिर-केवलकार सञ्चालन अनुमति | फैसला | |
| ३ | 075-wo-९३९ | २०७५/०१/५ | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | चन्द्र साउद | उत्प्रेषण परमादेश, प्रतिषेध | सर्वोच्च अदालत | | CTEVT/तालिमको सम्बन्धन | चालु | |
| ४ | 075-wo-१०७७ | २०७६/२/३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | दान ब. श्रेष्ठ | उत्प्रेषण युक्त परमादेश | सर्वोच्च अदालत | | कर्मचारी समायोजन | चालु | |
| ५ | 075-wo-१२९३ | २०७६/४/२ | १ नं. प्रदेश प्रहरी कार्यालय | गोपाल रम्तेल | उत्प्रेषण, परमादेश | सर्वोच्च अदालत | | प्रहरी कर्मचारीलाई सेवावाट हटाएको / कारबाही | चालु | |
| ६ | 075-wo-०३१८ | २०७६/०२/१५ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | अ.विनोद कुमार तिमल्सीना | परमादेश | उच्च अ. विराटनगर | | सवारी चालक लाइसेन्स वितरण | चालु | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | 075-wo-०४२ | | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | सन्तोष अधिकारी समेत- ४ | निषेधाज्ञा, मिश्रित परमादेश | ओखलढुङ्गा इजलास | | ओखलढुङ्गा / विद्यालय निर्माण स्थल | चालु | |
| ८ | 075-wo-३२४ | २०७६/०२/२९ | डिविजन वन कार्यालय, सव डिविजन वन कार्याल उर्लाबारी | टुमनाथ निरौला | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | चालु | |
| ९ | 075-wo-३२३ | २०७६/०२/२९ | जिल्ला डिविजन वन कार्यालय, सव डिविजन वन कार्यालय | गुम बहादुर लिम्बु | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | चालु | |
| १० | 075-wo-३३४ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय, सव डिविजन बन कार्यालय | विक्रम कार्की | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | चालु | |
| ११ | 075-wo-३२१ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | रेनुका थापा | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | चालु | |
| १२ | 075-wo-३२२ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | नारायण राम भट्टराई | निषेधाज्ञा | उच्च अ. विराटनगर | | वेतनी सामुदायिक वन उपभोक्ता समिति/जग्गा भोगचलान/ हकभोग | चालु | |
| १३ | 075-wo-०३७७ | २०७६/०३/२० २०७६/४/६ | सामाजिक विकास मन्त्रालय/आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ | कुलनाथ निडलेखु | परमादेश | उच्च अ. विराटनगर | | जग्गा भोगचलान/शनिश्चरे न.पा. सांस्कृतिक ग्रहण निर्माण स्थल | चालु | |



CamScanner

## ख) प्रदेश कानून विरुद्ध परेका उजुरी मुद्दाहरू

| क्र. सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/ लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | मुद्दा | अदालत | फैसला मिति | संक्षिप्त विवरण | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| १ | 074-wo-0279 | २०७५/३/१२ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, | मोहन सिहं लिम्बु | उत्प्रेषण युक्त परमादेश | उच्च अ. विराट नगर | २०७५/५/२५ फैसला भएको । | प्रदेश सरकारको पक्षमा | फैसला | |
| २ | 074-wo-331 | २०७५/३/२४ २०७५/४/3 | प्रदेश नं. १ प्रदेश सभा / मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | अधिवक्ता सुमन चन्द्र कार्की | अधिकार पृच्छा उत्प्रेषण, परमादेश | उच्च अ. विराट नगर | २०७५/८/१७ निर्देसात्मक आदेश गरिएको । | धरान उ.प.न.पा.ले शिक्षा नियमावली प्रारित गरेको | फैसला | |
| ३ | 074-wo-391 | २०७५/४/3 | कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सरस्वती तामाङ | परमादेश | उच्च अ. विराट नगर | २०७५/६/१२ फैसला | | फैसला | |
| ४ | 075-wo-005२ | २०७५/५/३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | पञ्चु चौधरी | उत्प्रेषण परमादेश | उच्च अ. विराट नगर | २०७५/५/९ खारेज | जि.स.स. सुनसरीले कृषिजन्य मालसामान को निकासी शुल्क उठाउन जिल्ला निकासी ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरेको विषय | खारेज | |
| ५ | 075-wo-0128 | २०७५/८/23 | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | फेकन शाह | निषेधाज्ञा | उच्च अ. विराट नगर | फैसला भएको २०७६/०२/६ | | फैसला | |
| ६ | 075-wo- | २०७५/ | मुख्य मन्त्री तथा | अधिवक्ता | अधिकार | उच्च | २०७६/०४/२० | सुन्दर हरैंचा | फैसला | |



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 0120 | ८/२३ | मन्त्रिपरिषदको कार्यालय | सुमन चन्द्र कार्की | पृच्छा उत्प्रेषण परमादेश | अ. विराट नगर | फैसला | न.पा.कार्यालयको राजस्वकर उठाएको | | |
| ७ | 075-wo-0159 | २०७५/ | आर्थिक मामिला तथा योजना मन्त्रालय | कृष्ण बहादुर कटुवाल | उत्प्रेषण परमादेश | उच्च अ. विराट नगर | २०७५/९/२५ फैसला भएको | | फैसला | |
| ८ | 075-wo-0175 | २०७५/ १०/१८ | घरेलु तथा साना उद्योग समेत | हरी बहादुर कार्की | उत्प्रेषण युक्त परामेश | उच्च अ. विराट नगर | | उर्लाबारी न.पा. क्षेत्रमा मापदण्ड विपरित उद्योग स्थापना भएको | चालु | |
| ९ | 075-wo-0202 | २०७५/ ११/३० | मंगलबारे सव डिभिजन वन कार्यालय | धुर्वचन्द्र पराजुली उर्लावारी-५ | उत्प्रेषण परमादेश | उच्च अ. विराट नगर | २०७६/३/३० फैसला | | फैसला | |
| १० | 075-wo-००५२ | २०७५/ १२/२९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सकुल श्रेष्ठ | निषेधाज्ञा, उत्प्रेषण समेत | इलाम इजालस | | उत्तर दक्षिण लोकमार्ग परियोजनाको निर्माण कार्य सम्बन्धमा | चालु | |
| ११ | 075-wo-०२८० | २०७६/ ०१/२२ | संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर | डा. सन्तोष कुमार | निषेधाज्ञायुक्त परमादेश | उच्च अ. विराट नगर | | मानगढ खानेपानी पानीट्याँकी निर्माण | चालु | |
| १२ | 075-wo-०२७३ | २०७६/ ०१/२५ | प्रदेश सभा मुख्य मन्त्रीको कार्यालय | सत्य नारायण मण्डल | अधिकारपृच्छा, प्रतिषेध, उत्प्रेषण, परमादेश | उच्च अ. विराट नगर | | | चालु | |
| १३ | 075-wo-०३१५ | २०७६/ ०२/७ २०७६/ ०२/१५ | उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ विराटनगर मुख्य मन्त्री तथा मन्त्रिपरिषदको का. | अ.विनोद कुमार तिमल्सीना | परमादेश | उच्च अ. विराट नगर | | विराटनगर म.न.पा. भित्रको सडक निर्माण सम्बन्धमा | चालु | |
| १४ | 075-wo-१२६९ | २०७६/ ०३/३१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ विराटनगर | शैलेन्द्र प्रसाद हरिजन | | सर्वोच्च अदालत | | प्रदेश न्याय सेवा आयोग गठन / सञ्चालन | चालु | |



CamScanner

## ग) स्थानीय तहका कानूनसँग सम्बन्धित काम कारबाहीमा प्रदेश सरकार समेत विरुद्ध परेका उजुरी मुद्दाहरु

| क्र. सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/ लिखित जवाफ त्याउने कार्यालय | निवेदक/विपक्षी | मुद्दा | अदालत | फैसला मिति | संक्षिप्त विवरण | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| १ | 074-wo-0324 | २०७५/४/३ | विराटनगर महानगरपालिका जनता वाल आ. विद्यालय | साजन रिषिदेव | परमादेश | उच्च अ. विराट नगर | २०७५/११/६ खारेज | | खारेज | |
| २ | 074-wo-0343 | २०७५/४१४ | बर्जु गाउँपालिका र स्वास्थ्यचौकी अमाहीवेला समेत | गोविन्द प्रसाद घिमिरे | उत्प्रेषण परमादेश | , | २०७६/०२/२० गते फैसला भएको | | फैसला | |
| ३ | 074-wo-354 | २०७५/४/२२ | देवानगंज गा.पा. प्रशासकीय अधिकृत त्रिलोचन न्यौपाने | फजेतुल मिया | उत्प्रेषण | उच्च अ. विराट नगर | २०७५/९/१६ रिट जारी भएको | | रिट जारी | |
| ४ | 075-wo-0067 | २०७५/५/२५ | विराटनगर म.न.पा. महाशाखा | विरेन्द्र कुमार यादव | उत्पेरषण परमादेश | उच्च अ. विराट नगर | २०७६/०१/०९ गते खारेज भएको | | खारेज | |
| ५ | 075-wo-0125 | २०७५/१०/१५ | बुढी गँगा गाउँपालिका | घनश्याम थापा मगर | उत्प्रेषण परमादेश | , | २०७६/२/६ फैसला | | फैसला | |
| ६ | 075-wo-0166 | | कोशी गाउँपालिका | बलराम यादव | उत्प्रेषण | उच्च अ. विराट नगर | | | चालु | |
| ७ | 075-wo-694 075-wo-695 075-wo-696 | २०७५/१२/११ | दमक नगरपालिका गौराहदह नगरपालिका | इन्द्र वहादुर बस्नेत समेत | उत्प्रेषण युक्त परमादेश २१ | सर्वोच्च अदालत | | औद्योगिकक्षेत्र विकासका लागि जग्गा प्राप्तीको विषय | चालु | |
| | | | | | | | | | | |
| ८ | 075-wo-००५० | | सिद्धिचरण न.पा.को को का. ओखलढुङ्गा | लोक कुमारी धमला | उत्प्रेषण, मिश्रित, परमादेश | ओखलढुङ्गा इजलास | | विद्यालय व्यवस्थापन समिति गठन/विघन | चालु | |
| ९ | 075-wo-००३६ | | सिद्धिचरण न.पा.को को का. ओखलढुङ्गा प्रमुख मोहन कुमार श्रेष्ठ, प्र.प्र.अ. भोजराज खतिवडा | कल्पना मगर | उत्प्रेषण, मिश्रित, परमादेश | ओखलढुङ्गा इजलास | | सिद्दिचरण न.पा. को शिक्षा ऐन, २०७५ विद्यालय व्यवस्थापन समिति | | चालु |



CamScanner

## २.३ प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण

नेपालको संविधानको धारा १६० (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भनिएको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम कुनै अदालत वा अर्ध न्यायिक निकाय समक्ष प्रदेश सरकारको तर्फबाट निवेदन पुनरावेदन र पुनरावलोकन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । सो अनुसार आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकार पक्षभई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय भएको छैन ।

## २.४ मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पन्न गरिएका अन्य कार्यक्रमहरु

| क्र.स. | मिति | कार्यक्रम र अन्तक्रिया | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | २०७६।०२।०९ | प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | ईलाम | |
| २. | २०७६।०२।१६ | प्रदेश र स्थानीय तह सम्वन्धि कानून निर्माण, कार्यान्वयन र समन्वय विषयमा छलफल | ईटहरी | |
| ३. | २०७६।०२।२३<br>२०७६।०२।२९ | प्रदेश कानूनको निर्माण तथा कार्यान्वयन सम्बन्धमा अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमहरू | जनकपुर,<br>हेटौंडा,<br>बुटवल | |
| ४. | २०७६।०३।०४ | प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | हिले, धनकुटा | |
| ५. | | हिरासत कक्ष र कारागार अनुगमन | ओखलढुंगा | |
| ६. | २०७६/०३/०४ | हिरासत कक्ष र कारागार अनुगमन | धनकुटा | |
| ७. | २०७६/०३/०३ | हिरासत कक्ष र कारागार अनुगमन | मोरंग | |

## २.५ समन्वय

नेपालको संविधान धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ भन्ने उल्लेख भएको साथै सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था छ ।



CamScanner

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ मा महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्ग निर्देशन दिन सक्ने छ । उक्त निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था छ । उल्लेखित संविधान तथा ऐनमा भएका प्रावधानहरूबाट यी दुई संवैधानिक निकायहरू बीच आपसी समन्वय र सहकार्यको काम गर्नुपर्ने भएबाट यो दुई संवैधानिक निकाय बीच आपसि सहमति समन्वयका माध्यमबाट सुमधुर सम्बन्ध सिर्जना हुने अवस्था देखिन्छ ।

## २.६ मुख्य न्यायाधिवक्ताको अन्य भूमिका

१. **समन्वय समितिको संयोजक :** फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश कानून मन्त्रालयको सचिव, प्रदेश गृह मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख, समेत रहेको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड गठन हुने व्यवस्था छ ।

२. **कानूनको मसौदा समितिको सदस्य :** प्रदेश न.१ को कानून मसौदा समितिमा मुख्य न्यायाधिवक्तालाई कानूनको विशेषज्ञको रुपमा समितिमा राख्ने निर्णय मन्त्रिपरिषदबाट भएको छ ।

CamScanner

परिच्छेद ३

# निष्कर्ष तथा सुझाव

## ३.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष

नेपालको संविधानमा सर्वप्रथम मुख्य न्यायाधिवक्ताको अवधारणा स्थापित भई प्रदेश न. १ मा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्य संचालन गरी रहेकोमा यस कार्यालयसँग सम्बन्धित आन्तरिक र वाह्य वातावरण एवं वस्तुस्थिति विश्लेषण गर्दा देहायका सवल र दुर्वल पक्षहरू देखिएका छन् ।

### क) सवल पक्षहरू

क) मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपछि प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरू तथा प्रदेश सरकारले तोकिदिएको सरकारी निकाय र अन्य अधिकारीहरूलाई सहज रुपमा कानूनी राय सल्लाह प्राप्त गर्ने अवस्था बनेको छ ।

ख) प्रदेश सरकार विरुद्ध परेका रीट निवेदनहरूमा सर्वोच्च अदालत एवम् उच्च अदालतमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ ।

ग) प्रदेश क्षेत्रभित्र कानूनी शासनको जग बसाउनमा मुख्य न्यायाधिवक्ता र सो कार्यालयका सरकारी वकीलबाट महत्वपूर्ण भूमिका रहने स्थिति बनेको छ ।

घ) स्वीकृत दरबन्दी अनुसार सरकारी वकिलहरू सम्मिलित भएको कार्यालय सञ्चालनमा आएको छ ।

ङ) मुख्य न्यायाधिवक्तालाई आवश्यक पर्ने सवारी साधन, कार्यालयलाई आवश्यक पर्ने पुस्तक, फर्निचर र मेशिनरी सामान खरीद भएका छन ।

च) मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकार र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीहरूलाई राय सल्लाह दिने अधिकार देशको मुल कानूनमा नै सुनिश्चित गरिएको अवस्था छ ।



CamScanner

छ) मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन, १ नं. प्रदेश सभाबाट पारित भएको छ ।

ज) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको व्यवस्था गरिएको छ ।

झ) प्रदेश सरकारबाट निसृत हुने कामकारवाही कानूनी शासनको मान्यता र विधिमा आधारीत हुने भएका छन ।

ञ) संविधानले व्यवस्था गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिदान्तलाई कानूनी क्षेत्रमा मुख्य न्यायाधिवक्ताको कार्यालयले विशेष भूमिका निर्वाह गरेको छ ।

ट) न्यायिक वा अर्ध न्यायिक निकायहरूमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ ।

ठ) प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकाय, विभागमा कानूनी प्रश्नहरूमा समन्वय, सहयोग प्राप्त भएको छ ।

ड) स्थानीयहरूमा समेत कानून कार्यान्वयन, प्रयोग र प्रतिनिधित्वमा सहज पँहुच प्राप्त भएको छ ।

## ख) दुर्वल पक्षहरू

मुख्य न्यायाधिवक्ताको कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू बाह्य वातावरणले सिर्जना गरेका छन्, कतिपय संस्थागत संरचनाबाट सिर्जित भएका छन् भने कतिपय समस्याहरू नीतिगत छन् । जसलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ :-

क) मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ताले के-कस्तो काम गर्दछ भन्ने बारेमा आम जनताहरू जानकारी भईसकेका छैनन् । त्यसैले पर्याप्त जनताले सेवा पाउन सकेका छैनन् ।

ख) महान्यायाधिवक्ताको मातहतमा रहने मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाहरूको अभियोजन गर्ने नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुनु नसकेको हुदाँ कार्यमा द्विविधा परेको छ ।



CamScanner

ग) प्रदेशले निर्माण गरेका कानूनहरूको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीहरूको प्रष्ट व्यवस्था नहुँदा प्रदेश स्तरीय कानूनको कार्यान्वयन गर्नमा कठिनाई छ ।

घ) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रमहरू सञ्चालन हुन नसकेको, थप सुविधाको व्यवस्था नभएको र अध्ययन भ्रमणको अवसर समेत छैन ।

ङ) मुख्य न्यायाधिवक्ताको आफ्नै भवन नभएकोले कार्य वातावरण सहज छैन ।

## ३.२ निष्कर्ष

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासन प्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्ने हुदाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष प्रदेश सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकायको आदेशबाट प्रदेश सरकारको हक हितमा प्रतिकूल असर परेमा प्रदेश सरकारको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन पेश गर्ने, प्रदेश सरकार विरुद्ध दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने, अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकार र प्रदेश सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार कानूनले तोके अनुसार भइरहेको अवस्था छ ।

प्रदेश सभाबाट नयाँ कानूनहरूको निर्माण हुने क्रम जारी छ सोही कानून अनुरुप मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयले पूर्व तयारी र थप क्रियाशिलता देखाउनु पर्ने अवस्था छ । यसका लागि पर्याप्त साधन र जनशक्ति उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरूलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।



CamScanner

## ३.३ सुझावहरू:

नेपालको संविधानले देशलाई संघीयतामा अवतरण गराई सकेपछि प्रदेश तहमा समेत उक्त संविधानको मर्म बमोजिम कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम राख्दै प्रदेशस्तरमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छ । मुख्य न्यायाधिवक्ताको कार्यलायको काम कारवाहीको अभ्यास छोटो समयकै भएपनि केहि सारभूत र भौतिक समस्याबाट यो कार्यालय समेत अछुतो छैन । छोटो समयमा पनि यस कार्यालयको गरिमा अभिवृद्धिको लागि निम्न सुझाव दिनु सान्दर्भिक हुनेछ ।

१. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको मातहत हो स्पष्ट हुन नसकेको र कुनै अधिकार प्रत्यायोजन नभएको स्थितिमा सो विषयहरू निक्यौल हुन जरूरी देखिन्छ ।

२. मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको हुदाँ आफनो मातहत रहने कार्यालयका कर्मचारी र भविष्यमा उच्च अदालतका इजलास मुकाम रहन सक्ने कार्यालयमा कार्यरत कर्मचारीहरूको मुख्य न्यायाधिवक्ता प्रति जवाफदेही गराउने प्रावधान नहुदाँ सो तर्फ आवश्यक नीति र संघीय ऐनहरूमा व्यवस्था हुनुपर्ने देखिन्छ ।

३. मुख्य न्यायाधिवक्ताको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समूचित ध्यान पुग्न सकेको छैन । मुख्य न्यायाधिवक्तालाई संविधान र ऐन कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।



CamScanner

४. स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के कसरी समन्वय सहकार्य गर्न सकिन्छ, सो सम्बन्धमा स्पष्टता नभएको र स्थानिय न्यायिक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परिक्षणका विषय हुनसक्ने र त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र कार्यालयको भूमिकाबारे स्पष्टता हुनुपर्ने देखिन्छ ।

५. मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको कार्यालय हुने भएकाले आवश्यक आफ्नै जग्गा, घर नभएको, भौतिक स्रोत साधनहरूको कमी रहेकोले सो तर्फ पहल हुनुपर्ने देखिन्छ ।

६. फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरिय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि निर्धारण गर्नुपर्ने देखिन्छ ।

७. उच्च अदालतले मुद्दाको रोहमा गरेको फैसलाहरू केही हदसम्म अन्तिम हुने संविधान, कानूनको प्रयोग अन्तर्गत प्रदेश तहका फौजदारी न्याय प्रणालीसँग जोडिएका मुद्दामा मुख्य न्यायाधिवक्ताको भूमिकालाई स्पष्ट गरिनुपर्ने आवश्यकता देखिन्छ ।

८. जिल्ला अदालत, उच्च अदालत लगायत प्रदेश निकायका अर्धन्यायिक निकाय एवं न्यायिक निकायसँग समन्वयमा सम्पर्क स्थापित गर्न, भरपर्दो संयन्त्रको आवश्यकता देखिन्छ ।

९. संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्ने देखिन्छ ।



CamScanner

१०. प्रदेश प्रहरी प्रशासन, शान्ति सुरक्षा र अनुसन्धान ब्युरो प्रदेशको एकल अधिकार संविधानको अनुसूची (६) मा उल्लेख भएकोले त्यस्तो संरचनामा समन्वय र सहकार्यका लागि मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुन जरुरी छ।

११. प्रदेशसभा कानून निर्माण सभा पनि भएकोले दण्डनीय कानून बनाउन सक्छ र प्रदेश सरकारले प्रदेशभित्र प्रशासन, शान्ति सुरक्षा र कानूनी राज्यप्रतिको जवाफदेहिता वहन गर्नुपर्ने भएकोले निर्मित कानून लागु गर्नुपर्ने हुन्छ। त्यस्ता कार्यका लागि मुख्य न्यायाधिवक्तालाई हाल प्रचलनमा रहेको कानूनमा संसोधन गरी संविधानले परिकल्पना गरे बमोजिम जिम्मेवारी निर्धारण गर्न आवश्यक रहेको छ।

१२. फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका समन्वयात्मक किसिमले स्पष्ट बनाउनु पर्ने देखिन्छ।

१३. प्रदेश कानुन बमोजिम अपराध अनुसन्धान, अभियोजन, मुद्दाको कारवाही एवं प्रदेश कानून प्रचनलका लागि प्रदेश प्रहरीसँग आवश्यक समन्वयात्मक भूमिका स्पष्ट हुनुपर्ने देखिन्छ।



CamScanner



पुरूषोत्तम खतिवडा
उप-सचिव



राजेन्द्र भट्टराई
शाखा अधिकृत



रेनुका राई
शाखा अधिकृत



रेवती सुवेदी
शाखा अधिकृत



राज कुमार राई
अधिकृत छैठौं



राजीव रम्तेल
अधिकृत छैठौं
(लेखा)



हर्कुलस पोखरेल
अधिकृति छैठौं



गंगा खतिवडा
कम्प्युटर अपरेटर

CS CamScanner



कार्यालयमा माननीय महान्यायाधिवक्ता श्री अग्नी खरेलज्यूको साथमा
माननीय मुख्य न्यायाधिवक्ता श्री चुडामणि आचार्यज्यू



मुख्य न्यायाधिवक्ताको कार्यालय र मोरङ जिल्लाका
प्रशासन प्रमुखहरूसँग समन्वय बैठकपछिको सामूहिक तस्वीर

# "प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरूको भूमिका" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम र कारागार निरीक्षण

## धनकुटा






## "प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरूको भूमिका" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम

### धनकुटा



## "प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरूको भूमिका" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम

### इलाम




CamScanner

## "प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला निकायहरूको भूमिका" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम

### इलाम






CamScanner

# अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रम

## प्रदेश नं. २








CamScanner

प्रदेश नं. २ का माननीय मुख्यमन्त्री श्री लालबाबु राउतको साथमा माननीय मुख्य न्यायाधिवक्ता श्री चुडामणि आचार्य ज्यू



## अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रम

### प्रदेश नं. ३



# अन्तरप्रदेश अनुभव आदान–प्रदान कार्यक्रम

## प्रदेश नं. ५





# कर्मचारीको विदाई कार्यक्रम



CamScanner

# प्रदेश नं. १




CamScanner